नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २३८ २०८१ साल बैशाख १४ गते शुक्रबार (26 Apr. 2024 Friday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विदेशबाट आएकाबाट बढी... ३ पृष्ठमा : प्रचलित कानुनबाहेकका सुरक्षाकर्मी ... ३ पृष्ठमाकेन्यामा बाढीका कारण ३८...

## माओवादी केन्द्र सप्तरीको जिल्ला अध्यक्षमा रजक चयन



**दैनिक समाचारदाता राजविराज, १३ बैशाख ।**

नेकपा माओवादी केन्द्र सप्तरीको बिहीवार सम्पन्न बिस्तारीत बैठकबाट छेदी रजकको अध्यक्षतामा जिल्ला कमिटी गठन भएको छ ।

गठित कमिटीको उपाध्यक्षमा भागवत यादव, सचिवमा बेचन चौधरी चयन भएका छन् ।

त्यसै गरी संसदीय क्षेत्र नं. १ को ईन्चार्जमा बेचन चौधरी, २ को ईन्चार्ज भागवत यादव, सह ईन्चार्जद्धय कलाम उदीन खाँ, प्रमोद यादव, ३ को ईन्चार्ज सुकदेब साह र ४ को ईन्चार्ज चतुर चौधरी, सहईन्चार्ज सुरेन्द्र यादव चयन भएका छन् ।

यस्तै प्रदेश क्षेत्र १(क) का संयोजक रविन्द्र चौधरी, सहसंयोजक ज्ञानेन्द्र धिमिरे १ (ख) का संयोजक कपलेश्बर सरदार, सहसंयोजक राजु यादव र साबिर खाँ क्षेत्र नं. २ (क) का संयोजक विनोद यादव, सहसंयोजक खगेन्द्र मण्डल, क्षेत्र नं. ३ (क) का संयोजक देवलाल माली, सहसंयोजक बलराम यादव र ताज महमद क्षेत्र ३ (ख) का संयोजक कर्मलाल यादव, सहसंयोजक अशोक चौधरी र रोहित यादव, क्षेत्र नं. ४ (क) का संयोजक देब कुमार राम, सहसंयोजक लक्ष्मी चौधरी, क्षेत्र ४ (ख) का संयोजक राम प्रसाद राम, सहसंयोजकद्धय सुर्यनाथ यादव, पशुपति यादव, शिवनन्दन शर्मालाई जिम्मेवारी दिएको जिल्ला अध्यक्ष रजकले जानकारी दिए ।

बैठकमा पार्टीका नेता, कार्यकर्ता, जेलनेल जीवन खेपेका, सहिद परिवार र बेपत्ताका परिवारको साथै जनयुद्धकालिन नेता, कार्यकर्ता लगायतको सहभागीता रहेको थियो ।

नेकपा माओवादीका केन्द्रिय सदस्य उमेश कुमार यादवको अध्यक्षता तथा बैकल्पिक केन्द्रिय सदस्य असर्फी सदाको संचालनमा तथा पुर्व प्रदेश सदस्य छेदी रजकको स्वागत मनतब्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

सोही बैठकबाट विभिन्न समसामयीक विषयमा नेपाल र प्रदेश सरकारलाई ध्यानार्षण गर्ने प्रस्ताव समेत पारीत गरेको पार्टी स्रोतले जनाएको छ ।

## सप्तरी जिल्ला होटल तथा पर्यटन व्यवसायी संघको तदर्थ समिति गठन



**दैनिक समाचारदाता राजविराज, १३ बैशाख ।**

सप्तरी जिल्ला होटल तथा पर्यटन व्यवसायी संघको सात सदस्यीय तदर्थ समिति बिहीबार गठन भएको छ ।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमको अध्यक्षता राजबिराजमा भएको भेलाले शिव यादवको अध्यक्षतामा तदर्थ समिति गठन भएको हो ।

समितिका सदस्यहरुमा मनोजकुमार शाह, मो.अकबर हुसेन, प्रकाशकुमार शाही, अशोक चौधरी, पारश शाह र आकाश आदर्श सर्वसम्मतले चयन भएका

*बाँकी अन्तिम पृष्ठमा*

## छुट्टाछुट्टै स्थानमा भएको आगलागीमा लाखौंको क्षति

**दैनिक समाचारदाता राजविराज, १३ बैशाख ।**

सप्तरीको छुट्टाछुट्टै स्थानमा आगलागी हुँदा लाखौं मुल्य बराबरको क्षति भएको छ ।

राजविराज नगरपालिका ९ मलेठका अंगत प्रसाद साह, छिन्नमस्ता गाउँपालिका ५ लोखरमका सचेन पासबान र चनर पासबानको घरमा आगलागी भएको हो ।

मलेठका साहको घरमा आगलागी हुँदा एक घर, फर्निचर, लत्ताकपडा, खाद्यान्न, भाँडाकुँडा, परालको टाल, गहुँको भुससहितका सरसामान जलेर नष्ट हुँदा १० लाखभन्दा बढीको क्षति भएको पीडित साहले जानकारी दिएका छन् ।

घर नजिक रहेको परालको टालबाट सल्केको आगो घरमा फैलिलिँदा घर र घरभित्र रहेको सरसामान पुर्ण रुपले जलेर नष्ट भएको हो । आगो राजविराजबाट आएको बारुणयन्त्रको सहयोगमा स्थानीयबासी र प्रहरीले नियन्त्रणमा लिएको स्थानीयले जनाएको छ ।

यस्तै बिहिबारै भएको आगलागीमा परि लोखरमका पासवानको २ वटा घर जली १ लाख ५० हजार बराबरको क्षति भएको तथा संगै टासिंएको चनर पासवानको घर पुर्ण रुपले जली नष्ट हुँदा ८० हजार बजारको क्षति भएको सप्तरीका प्रहरी प्रबक्ता डिएसपी ढुण्डीराज नेउपानेले बताए ।

आगो राजविराज नगरपालिकाको दमकलको सहयोगमा दुई घण्टापछि नियन्त्रणमा लिएको उनले जानकारी दिए ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**Wisdom School**

Rajbiraj 2, (Near Rajdevi Mandir)

**Play Group to Class 9**

**"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"**

**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**

**सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# विदेशबाट आएकाबाट बढी जोखिम

काठमाडौं, १३ वैशाख (रासस)। बिहीबार विश्व औलो दिवस। 'औलोविरुद्धको लडाईलाई तीव्रता दिऔं, समतामूलक पहुँचको सिर्जना गरौं' भन्ने मूल नाराका साथ दिवस मनाउन थालिएको हो।

जनस्वास्थ्य कार्यालय काठमाडौंले बिहीबार औलो दिवसका अवसरमा सञ्चारकर्मीसँग गरिएको अन्तर्क्रियामा कार्यालयका प्रमुख डा अर्जुनप्रसाद सापकोटाले औलोको प्रकोप जोखिम घटे पनि सतर्कता अपनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले मुलुकमा औलाका बिरामी कम भए पनि विदेशबाट आएकालाई परीक्षण गर्दा देखिएको गरेको बताउनुभयो।

उहाँका अनुसार आर्थिक वर्ष २०८०/८१ काठमाडौंमा जिल्लामा १७ जना औलाका नयाँ बिरामी देखिएको छन्। "यहाँ औलोको जोखिम छैन। तर विदेशबाट आएका मानिसले औला रोग ल्याएर आउन सक्छन्", उहाँले भन्नुभयो, "दक्षिण अफ्रिकालगायत देशबाट आएका मानिसमा परीक्षण गराउँदा औलो देखिएको छ।"

सरकारले सन् २०२५ सम्ममा औलोमुक्त नेपाल बनाउने अभियानका साथ नेपाल औलो रणनीतिक योजना २०१४-२०२५ सञ्चालन गरेको छ। सोहीअनुसार सन् २०२३, २०२४ र २०२५ भित्रमा स्थानीय तहमा औलो बिरामीको सङ्ख्या शून्यमा झार्ने र औलोको स्थानीय सर्ने दर शून्यमा पार्ने लक्ष्य लिएको छ। सरकारले सन् १९९४ देखि औलो उन्मूलन गर्ने अभियान सञ्चालन गरे पनि अहिलेसम्म नेपाल औलोमुक्त मुलुक बन्ने सकेको छैन।

जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत प्रविना कर्मचार्यले चन्द्रागिरि नगरपालिका-४ बाहेक काठमाडौंका कुनै पनि वडा औलोका जोखिम नभएको बताउनुभयो। "चन्द्रागिरि नपा-४ मा एक दुई वटा औलोका बिरामी देखिएर कम जोखिम भएको छ", उहाँले भन्नुभयो, "ती वडाको कूल जनसङ्ख्याको ५ प्रतिशत जनसङ्ख्या अलि कम जोखिममा हामीले राखेको छौं।"

काठमाडौं जिल्लामा आर्थिक वर्ष २०७८/७९ मा १३ जना, २०७९/८० मा१७र २०८०/८१ मा पनि १७ जनामा औलोका बिरामी देखिएको उहाँको भनाइ छ। यस्तै कोशी प्रदेशमा १३ जना, मधेस प्रदेशमा ७५ जना, बागमती प्रदेशमा ४२ जना, गण्डकी प्रदेशमा २०, लुम्बिनी प्रदेशमा दुई सय ३३, कर्णाली प्रदेशमा २८ र सुदूरपश्चिम प्रदेशमा एक सय ७६ जनामा औलो देखिएको छ।

औलो एनोफिलिज जातको सङ्क्रमित पोथी लामखुट्टेको टोकाइबाट हुने एक प्रकारको सरुवा रोग हो। औलो लागेको व्यक्तिलाई लामखुट्टेले टोक्दा रगतसँगै औलोको परजीवी चुस्दछ र लामखुट्टे सङ्क्रमित हुन जान्छ। त्यसता सङ्क्रमित लामखुट्टेले स्वस्थ मानिसलाई टोकेमा औलो सर्दछ।

**औलो रोग सर्ने तरिका**

गर्भमा रहेको बच्चामा बिरामीलाई रगत दिँदा वा रगत दान गर्ने व्यक्तिमा औलो रोग छ भने औलो बिरामीमा प्रयोग गरिएका खोप निर्मलीकरण नगरी स्वस्थ व्यक्तिमा प्रयोग गरिएमा औलो रोग सर्ने सम्भावना हुन्छ।

**औलोका लक्षण**

जनस्वास्थ्य कार्यालयका प्रमुख डा सापकोटाका अनुसार लामखुट्टेले टोकेको एक हप्तापछि औलोका लक्षण देखिन्छन्। उहाँका अनुसार टाउको दुख्नु, थकाइ लाग्नु, बाकबाकी लाग्नु, अत्यधिक जाडो हुनु, ज्वरो आउनु, बान्ता हुनु र जीउ दुख्नु यसका लक्षण हुन्।

**रोकथाम र नियन्त्रणका उपाय**

लामखुट्टेको प्रजनन कम गर्ने, आयु छोट्याउने वा घनत्व कम गर्ने, मानिस र लामखुट्टेको सम्पर्कलाई कम गर्ने उपाय अपनाउनु पर्दछ। औलोविरुद्धको औषधि नरहेकाले लामखुट्टेको रोकथाम नै यसको उपचार हो।

लामखुट्टेका लार्भा घटाउन लार्भा खाने माछा पाल्ने वा औषधि छर्कने, लार्भा मार्ने जस्तै तेल, रसायन तथा लुगा वा छालामा लामखुट्टे भगाउने औषधि प्रयोग गर्ने, यसबाट बच्न रातमा सुरक्षात्मक लुगा लगाउने, झुलको प्रयोग गर्ने र कीटनाशक विषादी भएको धूप प्रयोग गरेर लामखुट्टेको नियन्त्रण गर्ने तथा सधैं झुल टाँगेर सुत्ने गर्नुपर्दछ।

# नक्कली भुटानी प्रकरणमा रायमाझीसहित सात जनालाई थुनामै राख्न सर्वोच्चको आदेश

काठमाडौं, १३ वैशाख (रासस)। सर्वोच्च अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा नेकपा (एमाले) का नेता टोपबहादुर रायमाझी र सचिव टेकनारायण पाण्डेसहित सात जनालाई थुनामुक्त गर्न अस्वीकार गरेको छ।

न्यायाधीशद्वय कुमार रेग्मी र टेकप्रसाद ढुङ्गानाको इजलासले बिहीबार तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सल्लाहकार डा इन्द्रजित राई, भुटानी शरणार्थी प्रकरणका मुख्य आरोपी केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई र सन्देश शर्मालाई थुनामुक्त गर्न अस्वीकार गरेको हो। सर्वोच्च अदालतले यससम्बन्धी मुद्दामा यसअघि उच्च अदालत पाटनले दिएको आदेश सदर गरेको छ।

"प्रतिवादीहरू उपर किटानी जाहेरी रहेको, निजहरूले एकअर्कालाई पोल गरी गरेको बयानको बेहोरा, पीडितहरूको घटनाविवरण कागजसमेतका तत्काल प्राप्त मिसिल प्रमाणका आधारमा निजहरूलाई मुद्दा पुर्पक्षका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्ने गरी उच्च अदालत पाटनबाट २०८० मङ्सिर १५ गते भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहन परेन", आदेशमा भनिएको छ।

जिल्ला अदालत काठमाडौं र उच्च अदालत पाटनले यसअघि पुर्पक्षका लागि थुनामा पठाउन दिएको आदेशविरुद्ध रायमाझीलगायतले सर्वोच्च अदालतमा पुनरावेदन गरेका थिए। पुनरावेदनमाथिको सुनुवाइपछि सर्वोच्चले उच्च अदालतकै आदेश सदर गरेको हो। सर्वोच्च अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाली काङ्ग्रेसका नेता आङटावा शेर्पालाई भने रु ३० लाख नगद वा सो बराबरको जेथा जमानता वा बैंक जमानत गरी धरौटीमा छाड्न आदेश दिएको छ।

त्यस्तै, अदालतले नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने ठगी धन्दामा आरोपितमध्ये जिल्ला अदालतमा भएको थुनछेक बहसमा इन्कारी बयान दिएका जिमा शेर्पेनी, तेन्जी पुटी शेर्पेनी, पेम्बा शेर्पा, जिमा शेर्पा, लमडोपा शेर्पा र सोनी शेर्पालाई पुपर्क्षका लागि थुनामा राख्ने उच्च अदालत पाटनको आदेश बदर गरेको छ।

आदेशमा जिल्ला अदालत काठमाडौं र उच्च अदालत पाटनले पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरिएका गोविन्दकुमार चौधरीलाई रु १० लाख धरौटीमा छाड्न आदेश दिएको छ। चौधरीकी पत्नी निजु चौधरीले मोरङको कसेनीको जग्गा नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य अभियुक्त केशवप्रसाद दुलालले भनेका व्यक्तिको नाममा पास गरेको पाइएकाले पुर्पक्षका लागि थुनामा राख्ने उच्च अदालतको आदेश बदर गर्दै रु १० लाख नगद वा त्यस बराबरको जेथा जमानत वा बैंक जमानतमा छाड्न आदेश दिएको हो।

सर्वोच्च अदालतले यसअघि उच्च अदालत पाटनले रु१० लाख धरौटीमा छाड्न आदेश दिएका केन्द्रीय हज समितिका तत्कालीन अध्यक्ष शमशेर मियाँलाई पनि साधारण तारेखमा छाड्न आदेश दिएको छ। पीडितहरूले मियाँलाई रकम दिएको भनेर नाम उल्लेख नगरेको, उनले इन्कारी बयान दिएको र कसैले पनि मियाँको नाम पोल नगरेकाले रु १० लाख धरौटी लिने उच्च अदालतको आदेश बदर हुने ठहर गरेको सर्वोच्च अदालतले जनाएको छ।

# पूर्वसभासद आलमसहित चार जनालाई जन्मकैदको फैसला

रौतहट १३, वैशाख (रासस)। जिल्ला अदालत रौतहटले पूर्वसांसद मोहम्मद आफताव आलमसहित चार जनालाई जन्मकैद सजाय फैसला गरेको छ। जिल्ला अदालतका न्यायाधीश मातृकाप्रसाद आचार्यको एकल इजलासले बिहीबार अफतावसहित निजका भाई महताव, बद्री सहनी र शेख सेराजलाई जन्मकैदको फैसला गरेको हो।

उहाँहरुलाई रौतहटको राजपुरफरदवा गाउँमा १७ वर्षअघि भएको बम विस्फोटनसम्बन्धी घटनामा संलग्न भएको आरोपमा जन्मकैद सजाय फैसला भएको हो।

सोही घटनामा संलग्न भनिएका मुक्ति साहलाई भने सफाइ दिएको र फरार रहेका अन्य छ जनाको मुद्दा मुल्तबीमा राखिएको अदालतका श्रेस्तेदार उद्धव ढोडारीले जानकारी दिनुभयो। गत सोमबारदेखि जारी बहसमा बिहीबारसम्म बादी पक्षबाट तीन जना सरकारी वकिल र प्रतिवादीका तर्फबाट नौ जना गरी १२ जनाले बहस गरेका थिए।

बम विस्फोटको घटनामा संलग्न भएको आरोपमा विसं २०७६ कात्तिक १८ गते पूर्व सांसद आलमसहित ११ जनाविरूद्ध विस्फोटक पदार्थ बम प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यानसम्बन्धी कसुरमा मुद्दा दायर गरिएको थियो।

विसं २०६४ को संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा रौतहटको राजपुरफरदवामा भएको बम विस्फोट भएको थियो।


## डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

## डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

## डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

## डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

# प्रचलित कानुनबाहेकका सुरक्षाकर्मी तत्काल फिर्ता बोलाउनु : गृह मन्त्रालय

काठमाडौँ, १३ वैशाख (रासस)।

गृह मन्त्रालयले नियमानुसार बाहेक व्यक्तिगत सुरक्षामा खटाइएका सुरक्षाकर्मीहरूलाई २४ घण्टाभित्र फिर्ता बोलाउन नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाललाई निर्देशन दिएको छ।

प्रचलित कानुन बमोजिम विशिष्ट व्यक्तिहरूलाई उपलब्ध गराइएका सुरक्षाकर्मीबाहेकलाई तत्काल फिर्ता बोलाई सोको विवरण उपलब्ध गराउन ति दुवै निकायलाई निर्देशन दिएको मन्त्रालयले जनाएको छ। निर्देशनमा भनिएको छ, "सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ र अन्य प्रचलित कानुन बमोजिम विशिष्ट व्यक्तिहरूलाई उपलब्ध गराइएका सुरक्षाकर्मीबाहेक अन्य सबै व्यक्तिगत सुरक्षाकर्मीहरूलाई २४ घण्टाभित्र पदाधिकार रहेको कार्यालयमा फिर्ता बोलाइ सोसम्बन्धी विवरण उपलब्ध गराउनू।"

त्यसरी खटिएका सुरक्षाकर्मी फिर्ता नभएमा खटिने सुरक्षाकर्मीको तलब रोक्का गर्न र फिर्ता नगर्ने पदाधिकारीको नाम सार्वजनिक गर्ने प्रयोजनका लागि मन्त्रालयमा विवरण उपलब्ध गराउनसमेत निर्देशन दिइएको छ।

त्यस्तै, विशिष्ट व्यक्तिहरूको जिल्ला भ्रमणलगायतका कार्यक्रममा सुरक्षा उपलब्ध गराउँदा कार्यविधिको व्यवस्था पूर्ण पालना गर्न गराउन र सुरक्षा चुनौती विश्लेषण गरी मन्त्रालयबाट थप निर्देशन भएको अवस्थामा बाहेक कार्यविधिविपरीत अगुवा पछुवा उपलब्ध नगराउन पनि दुवै प्रहरी सङ्गठनलाई निर्देशन दिएको मन्त्रालयले जनाएको छ।

उपप्रधानमन्त्री एवं गृहमन्त्रीस्तरीय निर्णयपछि मन्त्रालयले यस्तो निर्देशन दिएको हो। यसैबीच उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ लाई समयानुकूल परिमार्जनको गृहकार्यसमेत भइरहेको बताउनुभएको छ।

"एकातिर शान्ति सुरक्षा कायम गर्ने तथा सीमा सुरक्षा पोष्टमा खटिने सुरक्षाकर्मी कमी हुने अर्कातिर विशिष्ट पदाधिकारीले व्यक्तिगत कामका लागि राष्ट्सेवक प्रयोग गर्ने प्रचलन छ। त्यसैको अन्त्यका लागि यो निर्णय गरिएको हो। कार्यविधिलाई समयानुकूल बनाउने कार्यसमेत अगाडि बढेकाले यो कार्य थप व्यवस्थित हुनेछ", उहाँले भन्नुभयो।

# मटिहानीका आगलागी पीडितलाई राहत दिइने

महोत्तरी, १३ वैशाख (रासस)।

महोत्तरीको मटिहानी नगरपालिका-६ जरलहवाहत्ता टोलका बुधबार भएको आगलागीबाट पीडित एक सय परिवारलाई राहत रकम दिइने भएको छ। उनीहरुलाई प्रतिपरिवार रु २० हजार राहत दिइने भएको छ।

सदरमुकाम जलेश्वरमा जिल्ला विपद् व्यवस्थापन समितिको बिहीबार बसेको आकस्मिक बैठकले अग्नी पीडित परिवारलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष शिवराम गेलालले जानकारी दिनुभयो।

बैठकमा स्थानीय तह, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटीले क्षति विवरण संकलन गरी विपद् व्यवस्थापन समितिमा पेश गर्ने, आगलगी पीडितको लागि राहत, अस्थायी बसोबासका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा मधेस प्रदेश सरकार, गृह, सञ्चार तथा कानुन मन्त्रालयलाई अनुरोध गर्ने, राहत सामग्री तथा आवश्यक सहयोग उपलब्ध गराउन जिल्लामा क्रियाशील विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्था, उद्योग वाणिज्य सङ्घ, नागरिक समाज, विभिन्न समाजसेवी सङ्घसंस्थालगायतलाई अनुरोध गर्ने निर्णय गरिएको छ।

जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले स्थानीय तह, सहयोगी सङ्घ संस्थासँग सहकार्य, समन्वय गरी गर्भवती, बालबालिका, वृद्ध, असहाय र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखी आवश्यक स्वास्थ्य सेवाको प्रबन्ध मिलाउने, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले सो बस्तीमा आधारभूत खानेपानी तथा सरसफाइको प्रबन्ध मिलाउने, डिभिजन वन कार्यालयले पीडित परिवारलाई सहुलियत दरमा काठ तथा दाउरा उपलब्ध गराउने र शिक्षा विकास तथा समन्वय एकाइसँग समन्वय गरी गैरसरकारी संस्थाले आवश्यकताको आधारमा शैक्षिक सामग्री उपलब्ध गराउने निर्णय भएको छ।

त्यस्तै मटिहानीका अग्नीपीडितलाई राहत सामग्री एकद्वार नीतिअन्तर्गत जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय जिल्ला प्रशासन कार्यालयमा अनिवार्य रुपमा अभिलेखीकरण गरी स्थानीय पालिकामार्फत उपलब्ध गराउने निर्णय गरिएको हो। बैठकमा महोत्तरीका १५ वटै पालिकाका प्रमुख एवं अध्यक्ष तथा प्रतिनिधि, जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्था, उद्योग वाणिज्य सङ्घ, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिलगायतको उपस्थिति थियो।

# वैदेशिक रोजगारमा जाने श्रमिकलाई टिकटमै अत्यावश्यक सुविधाको व्यवस्था गर्न विभागको आग्रह

काठमाडौँ, १३ वैशाख (रासस)।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकको हवाई भाडामै अत्यावश्यक सुविधाको उचित व्यवस्थापन गर्न सम्बद्ध पक्षलाई आग्रह गरेको छ।

विभागले बुधबार नै पत्राचार गरी नेपाल नागरिक उड्डयन प्राधिकरण, वैदेशिक रोजगार व्यवसायी महासङ्घ र नेपाल एसोसियसन अफ टुर एण्ड ट्राभललाई हवाइ टिकटमा नै खाना, खाजा तथा पानीको सुविधा हुने गरी उचित मूल्यको व्यवस्थापन गर्न आग्रह गरिएको जनाएको हो।

मलेसिया तथा मध्यपूर्वका मुलुकहरूमा वैदेशिक रोजगारीका लागि जाने श्रमिकले औसतमा चार घण्टाको यात्रा तय गर्नुपर्ने र उडान समयभन्दा तीन घण्टा अगाडि नै विमानस्थलभित्र प्रवेश गरिसक्नुपर्ने हुन्छ।यतिलामो यात्रामा पनि श्रमिकले न्यूनतम खाना, खाजा तथा पानीसमेत नपाउने गरेको गुनासो आउन थालेपछि विभागले सम्बन्धित निकायलाई बोलाएर छलफल गर्नुका साथै लिखित आग्रह गरिएको विभागका महानिर्देशक डुण्डुराज घिमिरले बताउनुभयो।

*बाँकी अन्तिम पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**


## विश्व समाचार

# केन्यामा बाढीका कारण ३८ को मृत्यु

नैरोबी (केन्या), १३ वैशाख (रासस/एएनआई)।

केन्यामा बाढीबाट कम्तीमा ३८ जनाको मृत्यु भएको र बाढीको स्तर आपत्कालीन अवस्थाबाट विपत्तिको स्तरमा सर्दै गएको केन्या रेडक्रस सोसाइटी (केआरसीएस) ले जनाएको छ।

पछिल्लो समयमा अफ्रिकी राष्ट्रमा परेको भारी वर्षाले सामान्य व्यापारमा पनि बाधा पुर्‍याएको छ। केन्याको राजधानी नैरोबीको माथारे बस्तीमा बुधबार परेको वर्षामा एक जनाको मृत्यु भएको छ भने छ जना बेपत्ता भएका छन्।

यस बस्तीका प्रायः कम आम्दानी गर्ने तथा कमजोर वासस्थानमा बसोबास गर्ने समुदायका बासिन्दाहरू गम्भीर बाढीका कारण घरमै फसेको सिन्ह्वाले रिपोर्ट गरेको छ।

आँधीको पानीले सडकमा बाढी आएको कारण केही क्षेत्रहरू सहरबाट सम्पर्कविहीन नै भएका थिए। राजधानीको दक्षिणमा रहेको किटेङ्गेलाको मुख्य पुल अथी नदीले बगाएपछि हजारौँ व्यापारी तथा कामदारहरू अलपत्र परेका थिए।

सिन्ह्वाका अनुसार मध्य केन्याको किरिन्यागा काउन्टीमा मङ्गबार थिबा नदीको किनार फुट्दा उनीहरूको घर तथा व्यवसायमा बाढी आएपछि ६० भन्दा बढी परिवार घरबारविहीन भएका छन्।

मार्च-अप्रिल-मेमा वर्षा सुरु भएदेखि नै धेरै काउन्टीले यसको प्रभाव महसुस गरेका छन्। प्रभावित घरपरिवार, विस्थापन, शिविरहरूको स्थापना, डुबानयोग्य जमिन, प्रभावित व्यवसाय र पशुधनको मृत्यु भएको मानवीय एजेन्सीले जनाएको छ।

केन्या मौसम विज्ञान विभागका अनुसार केन्यामा अभूतपूर्व भारी वर्षा भएको छ भने केही क्षेत्रमा एकै दिनमा दुई सय मिलिमिटरसम्म वर्षा भएको छ।

बर्षापछि देशभरि बाढी निम्त्याउने चेतावनी दिँदै काउन्टी र राष्ट्रिय सरकार दुवैस्तरका केन्याली अधिकारीहरूले तल्लो र बाढी प्रभावित क्षेत्रका बासिन्दाहरुलाई उच्च भूमिमा जान सल्लाह दिएका छन्।

आन्तरिक तथा राष्ट्रिय प्रशासनका क्याबिनेट सचिव किन्डिकी किथुरेले पूर्वी क्षेत्रको मासिङ्ग र मध्य क्षेत्रको थिबासहित बाँध नजिक बस्ने बासिन्दाहरूलाई स्थानान्तरण गर्न आग्रह गर्नुभएको छ। थप वर्षाले विपत्ति निम्त्याउने सम्भावना भएकाले बस्तीहरूमा बाढीको प्रभाव बढी हुने उहाँले बताउनुभयो। सरकार उच्च सतर्कतामा रहेको र बहु-एजेन्सी टोलीले कम गर्ने प्रयासमा काम गरिरहेको उहाँको भनाइ छ।

इन्टरगभर्मेन्टल अथोरिटी अन डेभलपमेन्ट (आइजिएडी) को क्लाइमेट प्रेडिक्सन एन्ड एप्लिकेसन सेन्टर (आइसिपिएसी) ले जारी गरेको सूचनामा केन्याले असामान्यरूपमा भारी वर्षाको अनुभव गर्ने हर्न अफ अफ्रिकाका देशहरूमध्ये एक भएको जनाएको छ।

# चुनावी ऱ्यालीमा बेहोस भएपछि भारतीय मन्त्रीद्वारा गर्मीलाई दोष

नयाँदिल्ली, १३ वैशाख (रासस/एएफपी)।

भारतका एक मन्त्रीले गर्मीका कारण चुनावी ऱ्यालीलाई सम्बोधन गर्दा आफू बेहोस भएको बताएका छन्। मुलुकको मौसम ब्युरोले मतदानका क्रममा मुलुकका केही भागमा लु चल्ने चेतावनी दिएको थियो।

यसै साता एसियाका धेरै मुलुकमा चर्को तापक्रमले असर पुऱ्याएको छ। अत्यधिक गर्मीको पूर्वानुमानका कारण फिलिपिन्स र बङ्गलादेशमा विद्यालयहरू बन्द गरिएको छ।

सडकमन्त्री नितिन गडकरी बुधबार पश्चिमी राज्य महाराष्ट्रको एउटा सानो सहरमा सम्बोधनका क्रममा बेहोस हुनुभएको थियो। त्यहाँ उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारको पुनः निर्वाचनका लागि प्रचार गरिरहनुभएको थियो।

घटनाको फुटेजमा मन्त्री बेहोस हुँदै गरेको र सञ्चालकहरूले उहाँलाई मञ्चबाट बाहिर लैजाँदै गरेको देखाइएको छ। उक्त दिनपछि गडकरीले सामाजिक सञ्जाल एक्समा लेख्नुभयो, "ऱ्यालीका क्रममा गर्मीका कारण मलाई असहज महसुस भयो तर अहिले म पूर्ण स्वस्थ छु।" उहाँले आफ्नो चुनावी प्रचार अभियान अघि बढाएको बताउनुभयो।

भारतीय मौसम विज्ञान विभागले बिहीबार आगामी पाँच दिनमा कम्तीमा नौ वटा पूर्वी र दक्षिणी राज्यमा भीषण गर्मीको अवस्था जारी रहने सम्भावना रहेको बताएको छ। "लुदेखि लिएर गम्भीर लुको अवस्था प्रबल हुने सम्भावना छ, केही स्थानमा पहिलादेखि नै तापक्रम ४४ डिग्री सेल्सियससम्म पुगेको छ", विभागले विज्ञप्तिमा जनाएको छ।

छ सातासम्म चल्ने म्याराथुन निर्वाचनका बीच सम्पूर्ण भारतमा ठूला बाहिरी प्रचार ऱ्यालीहरू आयोजना भइरहेका छन्। शुक्रबार मतदानको दोस्रो चरणमा लाखौं मानिसले मतदान गर्दैछन्।

भारतको निर्वाचन आयोगले 'शान्तिदायक उपायहरू' को दृष्टिले प्रत्येक चरणको मतदानअघि लु र आर्द्रताको प्रभावको समीक्षा गरिरहेको भन्दै यसले अहिले पनि नागरिकहरूलाई आफ्नो मत खसाउन अनुमति दिने बताएको छ। जलवायु परिवर्तनका कारण गर्मीको लहर लामो, अधिक लगातार र अधिक तीव्र हुँदै गरेको वर्षौंको वैज्ञानिक अनुसन्धानबाट पत्ता लागेको छ।

# दलका कार्यसमितिको विवरण उपलब्ध गराइदिन निर्वाचन आयोगलाई शिक्षा मन्त्रालयको अनुरोध

काठमाडौं, १३ वैशाख (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दलीय आबद्धता भएका शिक्षकहरूलाई कारबाही गर्न सहजताका लागि निर्वाचन आयोगसँग राजनीतिक दलका कार्यकारिणी समितिको विवरण माग गरेको छ।

राजनीतिक दलका केन्द्रीय, प्रदेश र जिल्ला तहका सबै कार्यकारिणी समितिमा रहेका पदाधिकारीहरूको विवरण माग गरी निर्वाचन आयोगमा पत्राचार गर्ने निर्णय भएको मन्त्रालयले जनाएको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठको सचिवालयले दलीय आबद्धता भएका शिक्षकको विषयमा परेका उजुरीको विवरण यकिन गरी कारबाही अघि बढाउन आयोगको अभिलेखमा भएको दलका कार्यसमितिको विवरण मागिएको जानकारी दिएको हो।

निर्वाचन आयोगबाट विवरण प्राप्त भएपछि मन्त्रालयले आफूसँग भएको शिक्षक, कर्मचारीको विवरण र राजनीतिक दलका कार्यकारिणी समितिका पदाधिकारीको विवरण हेर्ने सचिवालयले बताएको छ।

शिक्षक, कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिमा बसेको पाइएमा शिक्षा ऐनअनुसार पदबाट हटाउनेसम्मको कारबाही प्रक्रिया अगाडि बढाउने मन्त्री श्रेष्ठले चेतावनी दिँदै आउनुभएको छ।

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिएको, कार्यकारिणी समितिमा रहेको, महाधिवेशन प्रतिनिधि भएको जस्ता विषय उल्लेख गरी मन्त्रालयमा उजुरी र गुनासो प्राप्त भएको सचिवालयले जनाएको छ।

विगतमा सम्मानित उच्च अदालतबाट राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७ तथा शिक्षा ऐन, २०२८ को दफा १६ (ङ) को उपदफा (५) को खण्ड (छ) मा रहेको कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु/गराउनु भनी शिक्षा मन्त्रालयलगायतका विपक्षीका नाममा परमादेशको आदेश भएको थियो।

मन्त्री श्रेष्ठले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासँग छलफल गरेर उक्त फैसला कार्यान्वयनका लागि निर्वाचन आयोगको सहयोग माग्नुभएको थियो।

यसअघि नै मन्त्रालयले राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेका शिक्षक/कर्मचारीलाई कारबाही गर्न जिल्लास्थित सबै शिक्षा विकास तथा समन्वय एकाइलाई पत्र पठाइसकेको जानकारी दिएको छ। कतिपय जिल्ला एकाइहरूले पत्राचारअनुसार कारबाही पनि अघि बढाइसकेको बताइएको छ।

प्रचलित कानुन र अदालतको आदेशसमेतका आधारमा दलको कार्यकारिणी समितिमा रहेका शिक्षकलाई पदबाट हटाई सोको जानकारी मन्त्रालयमा गराउने र यस्तै प्रकृतिका थप उजुरी निवेदनको सम्बन्धमा समेत निरन्तर कारबाही गर्न मन्त्रिस्तरीय निर्णयसमेत भइसकेको छ।

# नाम परिवर्तनका लागि दुई सयभन्दा बढी विद्यालय सम्पर्कमा

काठमाडौं, १३ वैशाख (रासस)।

काठमाडौँ महानगरपालिकाले संस्थागत विद्यालयलाई नेपालीपन झल्कने गरी नाम परिवर्तन गर्न सूचना जारी गरेपछि हालसम्म दुई सय तीन संस्थागत विद्यालय सम्पर्कमा आएको महानगरले जनाएको छ। तीमध्ये केहीले यसअघिकै अहिलेकै नाम उचित भनेका छन् भने केहीले नयाँ नाम प्रस्ताव गरेको महानगरअन्तर्गत शिक्षा विभागका निमित्त प्रमुख सरस्वती पोखरेलले जानकारी दिनुभयो।

प्रमुख पोखरेलका अनुसार नाम परिवर्तनका लागि कामपाले गत चैत २१ गते सार्वजनिक सूचना गरेको थियो। सूचनामा विदेशी नाम भएका संस्थागत विद्यालयलाई नेपालीपन झल्कने गरी नाम राख्न भनिएको थियो। शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम १५४ (१) तथा काठमाडौं महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को नियम ७० मा नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्नुपर्ने व्यवस्था बमोजिम महानगरले सो सूचना जारी गरेको थियो।

सूचनामा एक हप्ताको समय दिइएको भए पनि नाम परिवर्तनका लागि संस्थागत विद्यालय आउनेक्रम जारी रहेकोले सूचना प्रकाशित भएको ३५ दिनसम्म पनि विद्यालयको आग्रहलाई स्वीकार गर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो। अहिले महानगर पाँच सयभन्दा बढी निजी विद्यालय रहेका सञ्चालनमा छन्।

तोकिएको समयसम्म पनि सम्बन्धित विद्यालयले नाम परिवर्तनका लागि आलटाल गरे कानुनअनुसार कारबाही गर्ने कामपाले चेतावनीसमेत दिएको छ।

### वैदेशिक रोजगारमा ...

"खाना, खाजा तथा पानीसमेत नपाउँदा श्रमिकहरूले भोकभोकै यात्रा गर्नुपर्ने अवस्था रहेछ। यस्तो धेरै गुनासो सुनिएपछि सरोकारवालालाई बोलाएर छलफल गर्यौं। छलफलपछि बुधबार नै सम्बन्धित निकायलाई जहाजको टिकटमै अत्यावश्यक सुविधा तोक्न आग्रह गरेका हौं", घिमिरेले भन्नुभयो।

त्यस्तै, विभागले म्यानपावर व्यवसायीले नै व्यक्तिगत श्रम स्वीकृतिमा रोजगारीमा पठाउन थालेको गुनासो आएकासम्बन्धमा पनि व्यवसायीलाई आफ्नो क्षेत्राधिकारभित्र रहेर काम गर्न सचेत गराएको महानिर्देशक घिमिरेले जानकारी दिनुभयो।

# पत्रकारिता क्षेत्रको विकास गर्ने प्रतिबद्धता

जनकपुर, १३ वैशाख (रासस)।

मधेस-प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले पत्रकारिता क्षेत्रको दिगो विकास तथा संरक्षणका लागि मधेस-प्रदेश सरकार योजनाबद्ध तरिकाले अगाडि बढ्ने बताउनुभएको छ।

सञ्चारिका समूह नेपालद्वारा बिहीबार जनकपुरमा आयोजित नेपालमा महिला पत्रकारहरुको 'नेतृत्व क्षमता विकास' विषयक दुईदिने कार्यशाला गोष्ठीको उद्घाटन गर्दै उहाँले सो विचार व्यक्त गर्नुभएको हो। मन्त्री लेखीले लोकतन्त्र तथा सञ्चार क्षेत्र एक सिक्काको दुई पाटा रहेको उल्लेख गर्दै लोकतन्त्रमा पत्रकारितालाई व्यवस्थित, मर्यादित र प्रभावकारी बनाउनुपर्ने आवश्यक छ भन्नुभयो।

सञ्चार क्षेत्रमा काम गर्ने पत्रकार र सञ्चार संस्थाको संस्थागत विकासका लागि एक हप्ताभित्र मधेस-प्रदेश सरकारले बजेट, तालिम, सूचना र सुरक्षाका कार्यक्रम ल्याउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। "म मन्त्री भएको धेरै दिन भएको छैन, सबै कुरा बुझ्दै सञ्चारक्षेत्रको विकासमा लाग्नेछु", उहाँले भन्नुभयो।

गोष्ठीमा मन्त्रालयकी राज्यमन्त्री शारदा थापाले मुलुकमा सामाजको विकास तथा सुशासन कायम गर्नका लागि पत्रकारिता क्षेत्रको भूमिका सराहनीय रहेको उल्लेख गर्दै पत्रकारिता क्षेत्रको विकासमा सरकारको हरेक क्षेत्रले सहयोग पुऱ्याउनुपर्ने आग्रह गर्नुभयो।

सञ्चारिका समूह नेपालका अध्यक्ष विमला तुम्खेवाको सभापतित्वमा भएको सो कार्यक्रममा आसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव र पत्रकार महासङ्घ धनुषाका अध्यक्ष मोनिका झाले पनि पत्रकारको समस्याबारे आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो।

### सप्तरी जिल्ला...

छन्। त्यस्तै, समितिका सल्लाहकारहरुमा शैलेश चौधरी, अरुणकुमार प्रधान, लालबाबु अग्रवाल र मनोजकुमार मुन्ध्डा चयन भएका हुन्।

उक्त समितिलाई कार्यालय सञ्चालन गर्नका लागि सप्तरी उद्योग वाणिज्य संघले एउटा कोठा र २५ हजार रुपैयाँ र कार्यालय सञ्चालन र दर्ता प्रक्रियाका लागि महासंघका प्रदेश अध्यक्ष गौतमले ११ हजार रुपैयाँ सहयोग गरेका छन्।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय कार्यकारिणी सदस्य एवम् सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष पूर्व अध्यक्ष अरुणकुमार प्रधान, सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष लालबाबु अग्रवाल, पूर्व अध्यक्ष मनोजकुमार मुन्धडा, नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष गौतम, वरिष्ठ उपाध्यक्ष विष्णु शाह, महासचिव बैकुण्ठ सापकोटा, कोषाध्यक्ष दानबहादुर थापा लगायतकाले समितिका पदाधिकारी तथा सदस्यहरुलाई शुभकामना दिएका थिए।

उक्त भेलामा सप्तरी उद्योग वाणिज्य संघका उपाध्यक्ष दुर्गानन्द प्रसाद साह, नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका सल्लाहकार मोहन शर्मा लामिछाने, सदस्य अन्जु न्यौपाने भूजेल, पदेन सदस्य सिरहाका अध्यक्ष रामकुमार गुप्ता, पदेन सदस्य कोषाध्यक्ष अन्जु न्यौपाने लगायत सप्तरीका होटल व्यवसायीहरुको सहभागीता थियो।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*